# १८ बर्ष भन्दा मुनिका बालबालिकालाई जोखिमयुक्त श्रममा लगाउनु कानूनी अपराध हो ।

"बाल श्रम निवारणमा साझेदारी, गरौं सबैले खवरदारी" होटेल, वर्कसप, फर्निचर, गलैचा, मनोरञ्जनका क्षेत्र र अन्य कुनैपनि उद्योग र कलकारखानामा बालबालिकालाई जोखिमयुक्त श्रममा प्रयोग गरिएको पाईएमा वा बालबालिकाको आपतकालिन उद्दार, राहत तथा संरक्षणका लागि



नेपाल प्रहरी (१००), बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), बाल हेल्पलाईन (१०९८), बाल कल्याण अधिकारीको मोवाईल नं. ९७६७९८०३३३ मा सम्पर्क गर्नहुन जानकारी गराईन्छ ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महिला, बालबालका तथा समाज कल्याण शाखा
थली डाँछी, काठमाडौ
बगमती प्रदेश, नेपाल

कागेश्वरी मनोहरा नगरपालिका-७ स्थित सोमतीर्थमा बन्यो परम्परागत प्रतीक्षालय (फाल्चा)। स्थानीय संस्कृति झल्किने परम्परागत शैलीको प्रतीक्षालय (फाल्चा) निर्माण सम्पन्न भएपछि सर्वसाधारण, तीर्थयात्री तथा स्थानीय बासिन्दालाई बस्न, विश्राम गर्न र सामाजिक भेटघाट गर्न सहज सुविधा उपलब्ध भएको छ।









नेवार संस्कृति र परम्परागत शैलीको झलक सामाजिक भेटघाट र समुदायिक सहकार्यको केन्द्र


कागेश्वरी मनोहरा नगरपालिका

मासिक
# कागेश्वरी नगर बुलेटिन

Progess Through Unity & Development

वर्ष : १ | २०८२ माघ | अंक : २




म्याद गुज्रिएका, सडेगलेका मासु बिक्रीमा

पानी उद्योगमा निर्देशिका उल्लङ्घन

३-७ दिनभित्र सुधार गर्न चेतावनी

छड्के अनुगमन निरन्तरता र र कानुनी चेतावनी

नगरप्रमुख उपेन्द्र कार्की ज्यूको सक्रियता र नेतृत्व


सानो थली तरकारी बजारका तरकारी तथा फलफूलमा विषादी... पृष्ठ ४

कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगरप्रमुख उपेन्द्र कार्कीको खेलकुद प्रवर्द्धन प्रयास... पृष्ठ ५

घर घर जडान मिटरको नियमित जाँचमा कागेश्वरी मनोहरा नगरपालिका पृष्ठ १५

कागेश्वरी मनोहरा नगरपालिकामा छड्के अनुगमन... पृष्ठ ७

कागेश्वरी मनोहरा नगर अस्पतालमा आधुनिक शवगृह सेवा सञ्चालन पृष्ठ ९

उद्धार र राहतका लागि कागेश्वरी मनोहरा नगरपालिकाको सक्रियता पृष्ठ १३


## INFRASTRUCTURE REVOLUTION

Connecting Communities for a Brighter Future

## कार्यपालिका पदाधिकारीहरू



शान्ता थापा
नगर उपप्रमुख

उपेन्द्र कार्की
नगर प्रमुख

पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत



मुकुन्द गजुरेल
वडा अध्यक्ष, वडा नं. १

सुरज खड्का
वडा अध्यक्ष, वडा नं. २

राममणि पुडासैनी
वडा अध्यक्ष, वडा नं. ३

विजय श्रेष्ठ (धन)
वडा अध्यक्ष, वडा नं. ४



शंकर पाण्डे
वडा अध्यक्ष, वडा नं. ५

प्रकाश फूयाल
वडा अध्यक्ष, वडा नं. ६

स्व. भिमसेन थापा
वडा अध्यक्ष, वडा नं. ७

हरिभक्त पुडासैनी
वडा अध्यक्ष, वडा नं. ८

अनिल थापा
वडा अध्यक्ष, वडा नं. ९



रमा कालिका
कार्यपालिका सदस्य

गोमा रोक्का विशुंखे
कार्यपालिका सदस्य

रूपमती भण्डारी
कार्यपालिका सदस्य

गुणकेशरी श्रेष्ठ
कार्यपालिका सदस्य



सारा पुर्कुटी
कार्यपालिका सदस्य

गोपाल दर्जी
कार्यपालिका सदस्य

अशोककुमार ब्रम्हाशाखा
कार्यपालिका सदस्य

प्रकाश नेपाली
कार्यपालिका सदस्य

## नगर सभा सदस्यहरू



कविता सुनुवार
सदस्य, वडा नं. १

उजेली तामांग
सदस्य, वडा नं. १

रामप्यारी नगरकोटी
सदस्य, वडा नं. २

तारा लोहार
सदस्य, वडा नं. २

गोमा लोहार
सदस्य, वडा नं. ३



सबिता नेपाली
सदस्य, वडा नं. ४

शारदा पौडेल
सदस्य, वडा नं. ४

सरस्वती खनाल
सदस्य, वडा नं. ५

सिम्रन मंग्राती
सदस्य, वडा नं. ६

जानुका चापागाईं
सदस्य, वडा नं. ७



सुनिता बोगटी
सदस्य, वडा नं. ७

सुनिता चापागाईं
सदस्य, वडा नं. ८

भगवती वस्नेत
सदस्य, वडा नं. ९

मन्जु थापा
सदस्य, वडा नं. ९

कुमारध्वज खड्का
सदस्य, वडा नं. १




प्रेम कुमार लामा
सदस्य, वडा नं. १

प्रणनाथ फूयाल
सदस्य, वडा नं. २

महेश्वर श्रेष्ठ
सदस्य, वडा नं. २

राधाकृष्ण थापा
सदस्य, वडा नं. ३

सुनकुमार नगरकोटी
सदस्य, वडा नं. ३



किरण पण्डित क्षेत्री
सदस्य, वडा नं. ४

भिम बहादुर सिम्खडा
सदस्य, वडा नं. ४

आत्माराम पौडेल
सदस्य, वडा नं. ५

सुशान्त श्रेष्ठ
सदस्य, वडा नं. ५

कपिल खनाल
सदस्य, वडा नं. ६



विकास के.सी.
सदस्य, वडा नं. ६

भक्त थापा
सदस्य, वडा नं. ७

मुक्तिनाथ दाहाल
सदस्य, वडा नं. ८

सीताराम आचार्य
सदस्य, वडा नं. ८

राजेन्द्र थापा
सदस्य, वडा नं. ९

# कागेश्वरी मनोहरा नगरपालिका

## मासिक नगर बुलेटिन

वर्ष : १ | २०८२ माघ | अंक : २


# सम्पादकीय



नगरपालिकाको चालु आर्थिक वर्षमा नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका मुख्य मुख्य गतिविधिहरू समेटी नगर बुलेटिनको दोस्रो अंक प्रकाशन गरेका छौं। आधुनिक डिजिटल प्रविधिको उपयोग गर्दै नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन हुने गतिविधिसम्बन्धी सूचना वेबपेज, फेसबुक पेज, मिडिया लगायत विभिन्न माध्यमबाट प्रकाशन/प्रशारण गरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउने तथा शासकीय गतिविधिमा पारदर्शिता कायम गर्ने कार्यमा नगरपालिका निरन्तर क्रियाशील रहँदै आएको छ।

यसै सन्दर्भमा, नगरवासी तथा अन्य सरोकारवालाहरूको हातहातमा नगरपालिकाका गतिविधिहरू समेटिएको मासिक नगर बुलेटिन पुर्‍याउने, नगरका गतिविधिहरूलाई व्यवस्थित रूपमा संग्रह गरी भविष्यसम्मका लागि अभिलेखीकरण गर्दै संस्थागत स्मृति (Institutional Memory) लाई सुदृढ, दीगो र प्रभावकारी बनाउने उद्देश्यले नगर बुलेटिन प्रकाशनको शुरुवात गरिएको हो।

यस अंकमा मुख्यतः कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को आय व्ययसम्बन्धी विवरण, चालु आर्थिक वर्ष २०८२/८३ का प्रमुख नीति तथा कार्यक्रम र आय-व्यय अनुमान, विकास कार्यक्रमहरू, शाखाहरूबाट सम्पादन भएका गतिविधिहरू, वडागत कार्य विवरण, साथै समग्र नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा भएका प्रमुख क्रियाकलाप, उपलब्धि, समस्या/चुनौती तथा तस्बिरहरू समावेश गरिएको छ।

नगरपालिकाको यो पहिलो प्रयास भएको हुँदा बुलेटिनका विभिन्न पक्षमा सुधार गर्नुपर्ने विषयहरू हुन सक्छन्। नगर बुलेटिनका आगामी अंकहरू नियमित रूपमा प्रकाशन गरिने भएकाले यस बुलेटिनको अध्ययन गरी विषयवस्तु, ढाँचा तथा प्रस्तुतीकरणका सम्बन्धमा आगामी दिनमा सुधारका लागि यहाँहरूको रचनात्मक सुझाव को अपेक्षा गरेका छौं।


**कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रकाशित मासिक नगर बुलेटिन**

**संरक्षक**



श्री उपेन्द्र कार्की
नगर प्रमुख



श्री शान्ता थापा
उप प्रमुख



श्री पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/सामग्री संयोजन**



श्री प्रलिना अधिकारी
मिडिया अधिकृत

**For Inquiry or Further Details**
Email: mediadepartkageshwori@gmail.com



**कागेश्वरी मनोहरा नगरपालिका**
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४४५१२४२, ४४५०३५६, ४४५०९८६
फ्याक्स: +९७७ १ ४४५०३५६
Email: er.kageshworimun@gmail.com
Website: www.kageshworimanoharamun.gov.np

# कागेश्वरी मनोहरा नगरपालिकामा महिला समूहका लागि कानुनी सचेतना कार्यक्रम सम्पन्न



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : २०८२ साल माघ २ गते शुक्रबार कागेश्वरी मनोहरा नगरपालिकामा न्यायिक समितिद्वारा महिला समूहका लागि कानुनी सचेतना कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा नगरपालिकाका वडा सचिवज्यूहरू समेत सहभागी भई महिलाहरूसँग प्रत्यक्ष संवाद गर्नुभयो।कार्यक्रमको मुख्य उद्देश्य महिला समुदायलाई कानुनी अधिकार, न्यायिक प्रक्रिया, र स्थानीय तहको न्यायिक संयन्त्रबारे जानकारी प्रदान गर्नु थियो। सहभागी महिलाहरूले आफ्नो दैनिक जीवनमा सामना गर्न सक्ने कानुनी समस्याहरू, अधिकार संरक्षणका उपायहरू, उजुरी दर्ता गर्ने प्रक्रिया, र न्यायिक समितिको कार्य प्रणालीबारे स्पष्ट बुझाइ प्राप्त गरेका छन्।

नगरपालिकाका न्यायिक समितिका सदस्यहरूले महिलाहरूलाई न्यायिक पहुँच बढाउन, घरेलु हिंसा, विभेद तथा अन्य सामाजिक समस्याहरूको समाधानमा कानुनी उपायहरू प्रयोग गर्न प्रोत्साहित गरेका छन्। यस अवसरमा सहभागीहरूले पनि आफ्ना अनुभव र समस्या साझा गर्दै प्रत्यक्ष प्रश्न उत्तर सत्रमा सक्रिय सहभागिता जनाएका थिए।

नगरपालिकाले यस कार्यक्रम मार्फत महिला सशक्तिकरण र न्यायसम्मत पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस्ता सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने योजना रहेको जानकारी दिएका छन्। अधिकारीहरूले जनस्तरमै कानुनी चेतना बढाउने र न्यायिक प्रणालीसँग सम्बन्धित जानकारी महिलासहित सम्पूर्ण समुदायसम्म पुर्‍याउने आफ्नो उद्देश्य दोहोर्‍याएका छन्।

नगरपालिकाको यो पहलले महिलाहरूलाई मात्र होइन, समग्र समुदायलाई कानुनी सचेतनाका माध्यमबाट सशक्त बनाउन महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ।

# कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाको भूमिका र महत्व




कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने मुख्य आधारका रूपमा कार्य गर्दै आएको छ। नगरपालिकाका नीति, निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन गर्न प्रशासनिक संयन्त्र सुदृढ हुनु आवश्यक हुने भएकाले यस शाखाको भूमिका अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

शाखाबाट संघ संस्था दर्ता तथा नवीकरण, नगर कार्यपालिकाबाट विधान रुजु गरी प्रमाणपत्र वितरण गर्ने तथा घ वर्गको इजाजत पत्र जारी र नवीकरण गर्ने कार्यहरू नियमित रूपमा हुँदै आएका छन्। यी कार्यहरूले नगर क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूलाई कानुनी मान्यता प्रदान गर्नुका साथै व्यवसायिक गतिविधिलाई व्यवस्थित बनाउने काम गर्दै आएका छन्।

नगरपालिकामा कार्यरत कर्मचारीहरूको नियुक्तिदेखि अवकाशसम्मका सम्पूर्ण विवरण अद्यावधिक गर्ने, सरुवा, काज, पदस्थापना, बढुवा, तालिम तथा क्षमता विकाससम्बन्धी कार्यहरू यसै शाखामार्फत व्यवस्थापन गरिन्छ। यसले कर्मचारीहरूलाई जिम्मेवार, दक्ष र सेवामुखी बनाउँदै नगरपालिकाको कामकाजलाई प्रभावकारी बनाउने सहयोग पुर्‍याएको छ। साथै प्रत्येक वर्ष कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूको कार्यबोझ अध्ययन गरी आवश्यक जनशक्ति व्यवस्थापन गरिँदै आएको छ।

त्यसैगरी कार्यपालिका तथा विषयगत समितिका बैठक सञ्चालन, निर्णयका लागि प्रस्ताव तयार गर्ने, नगर सभा तथा कार्यपालिका बैठकका निर्णय आदेश तयार गरी अभिलेख राख्ने कार्यले नगरपालिकाको निर्णय प्रक्रिया व्यवस्थित र उत्तरदायी बनाएको छ। बैठकका निर्णयहरू सम्बन्धित शाखामा समयमै उपलब्ध गराइने भएकाले कार्यक्रम कार्यान्वयनमा सहजता आएको छ।

# कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन, पुरस्कार तथा दण्डको व्यवस्था, सम्पत्ति विवरण संकलन



सूचना हकसम्बन्धी निवेदन फछ्र्यौट, करार सेवाका कर्मचारीसँग सम्झौता, कर्मचारी आचरण तथा अनुशासनको निगरानी, हाजिरी तथा बिदा व्यवस्थापन जस्ता कार्यहरूले सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन्।

यसका साथै संघीय, प्रादेशिक तथा अन्य निकायहरूसँग समन्वय, ऐन, नियम, कार्यविधि, नीति तथा निर्देशिकाहरू प्रमाणिकरण, अभिलेख राख्ने तथा राजपत्रमा प्रकाशनका लागि आवश्यक व्यवस्था मिलाएर शाखाले नगरपालिकाको कानुनी र प्रशासनिक संरचनालाई मजबुत बनाउँदै आएको छ।

समग्रमा, प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाले नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी, जवाफदेही र नागरिकमैत्री बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

# सानो थली तरकारी बजारका तरकारी तथा फलफूलमा विषादी मापदण्डभित्रै, जोखिमपूर्ण स्तर नपाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्पष्टोक्ति



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कागेश्वरी मनोहरा नगरपालिकासँगको सहकार्यमा सानो थली तरकारी बजारबाट संकलन गरिएका तरकारी तथा फलफूलमा विषादीको मात्रा परीक्षण गरेको छ। परीक्षणको नतिजाअनुसार सबै नमुनामा विषादीको मात्रा सरकारले तोकेको मापदण्डभित्र अर्थात् अनुकूल स्तरमै रहेको पाइएको छ।खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कागेश्वरी मनोहरा नगरपालिकासँगको सहकार्यमा सानो थलि तरकारी बजारबाट संकलन गरिएका। सानो थलि तरकारी बजारबाट संकलित तरकारी तथा फलफूलमा गरिएको विषादी परीक्षणमा सबै नमुना मापदण्डभित्र रहेको प्रतिवेदनले देखाएको छ। कार्बामेट र केही विषादीको अवशेष भेटिए पनि मात्रा सुरक्षित सीमाभित्र रहेको जनाइएको छ। कार्बामेट र अर्गानोफस्फेट दुवै तरकारी तथा फलफूलमा लाग्ने कीरा नियन्त्रणका लागि प्रयोग गरिने कीटनाशक विषादीका प्रकार हुन्। उपभोक्तालाई तरकारी तथा फलफूल राम्रोसँग धोएर प्रयोग गर्न अनुरोध गरिएको छ।

विभागका अनुसार सबै नमुनामा कार्बामेट वर्गका विषादी तथा ६ वटा नमुनामा अर्गानोफस्फेट वर्गका विषादीको अवशेष परीक्षण गरिएको थियो। कुनै पनि नमुनामा स्वास्थ्यका लागि जोखिमपूर्ण स्तरको विषादी फेला नपरेको विभागले जनाएको छ।

कागेश्वरी मनोहरा नगरपालिका ०५ स्थित सानो थली तरकारी बजारबाट विभिन्न तरकारी तथा फलफूलका २६ वटा नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमार्फत जीवनाशक विषादीको परीक्षण गरिएको हो। परीक्षण गरिएका नमुनामा काउली, क्याप्सिकम, करेला, सिमी, धनिया, च्याउ, खुर्सानी, गाजर, सखरखण्ड, तरुल, भेन्टा, मुला, अकबरे खुर्सानी, फर्सी, मटरकोसा, काक्रो, टमाटर, भिन्डी, आलु, प्याज, अदुवा, कालो अंगुर, सेतो अंगुर तथा स्ट्रबेरीलगायतका तरकारी तथा फलफूल समावेश छन्। ती सामग्रीहरू कालिमाटी, गागल, बल्खु, जोरपाटी तरकारी बजार तथा साँखु क्षेत्रबाट आपूर्ति भएका हुन्।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी प्रवक्ता डा. बाल कुमारी शर्माले उपभोक्तालाई तरकारी तथा फलफूल उचित रूपमा धोएर मात्र प्रयोग गर्न अनुरोध गर्नुभएको छ। साथै, उहाँले किसान तथा व्यापारीलाई विषादीको सुरक्षित, जिम्मेवार र मापदण्डअनुसार प्रयोग गर्न आग्रह गर्नुभयो। विभागले नियमित अनुगमन तथा परीक्षणमार्फत खाद्य सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै यस्ता गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।



# कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगरप्रमुख उपेन्द्र कार्कीको खेलकुद प्रवर्द्धन प्रयास अन्तर्गत दुईदिने प्रतियोगिता सफलतापूर्वक सम्पन्न, ढल्को तेक्वान्दो डोजाङ टिम च्याम्पियन

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाको प्रांगणमा आयोजित "खेलाडीको वरियता निर्धारण सहितको पाचौं बागमती स्तरीय खुल्ला लिग तेक्वान्दो प्रतियोगिता २०८२" सफलतापूर्वक सम्पन्न भएको छ। प्रतियोगितामा काठमाडौंको ढल्को तेक्वान्दो डोजाङले उत्कृष्ट प्रदर्शन गर्दै ७ स्वर्ण र १ रजत पदकसहित टिम च्याम्पियनको उपाधि जितेको छ। दोस्रो स्थान नुवाकोटको पोखरी तेक्वान्दो डोजाङले २ स्वर्ण, ३ रजत र २ कांस्य पदकसहित






प्राप्त गरे भने तेस्रो स्थान काठमाडौंको लैनचौर तेक्वान्दो डोजाङले २ स्वर्ण, १ रजत र २ कांस्य पदकसहित सुरक्षित गरेको छ। पुरुषतर्फ ढल्कोका अर्पण लामा र महिलातर्फ काठमाडौंको वेस्ट डिभिजनकी स्मारिका शाही ठकुरीलाई उत्कृष्ट खेलाडी घोषित गरिएको छ।

प्रतियोगिता कार्यक्रममा कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगरप्रमुख उपेन्द्र कार्की, जिल्ला समन्वय समितिका प्रमुख सन्तोष बुढाथोकी, बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीलगायतले विजेतालाई पुरस्कार वितरण गर्नुभएको हो। नगरपालिकाले बागमती प्रदेश तेक्वान्दो संघलाई सहयोग स्वरूप ल्यापटप पनि प्रदान गरेको थियो।

दुई दिनको प्रतियोगितामा २ सय २७ खेलाडी विभिन्न २० स्पर्धामा प्रतिस्पर्धा गरेका थिए। लिगको यो दोस्रो संस्करणको पहिलो प्रतियोगिता हो भने समग्रमा पाँचौं प्रतियोगिता हो। प्रतियोगितामा हरेक तौलसमूहको पहिलो स्थानले १०, दोस्रोले ७ र तेस्रोले ३ अंक प्राप्त गर्ने व्यवस्था गरिएको छ।

लिगको चारवटा प्रतियोगिता सम्पन्न भएपछि प्रदर्शनका आधारमा एक उत्कृष्ट पुरुष र महिला खेलाडीलाई मोटरसाइकल पुरस्कार प्रदान गरिनेछ। साथै, शीर्ष तीन स्थान हासिल गर्ने उपत्यका बाहिरका खेलाडीलाई खाना, बसोवास र यातायातको सुविधा पनि उपलब्ध गराइने आयोजकले जानकारी दिएको छ। प्रत्येक तौलसमूहमा शीर्ष तीन खेलाडीलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार प्रदान गरिनेछ।

आदरणीय नगरप्रमुख उपेन्द्र कार्कीले खेलकुदको माध्यमबाट नगरपालिकामा खेलाडीको प्रतिभा विकास, खेलकुद प्रवर्द्धन र स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्ने आफ्नो सपना कार्यान्वयन गर्दै यस प्रतियोगितामा नगरपालिकाले आयोजना र सहयोग गरेको उल्लेख गर्नुभयो। कागेश्वरी मनोहरा नगरपालिकाले खेलकुदको क्षेत्रमा निरन्तर पहल गर्दै नगरवासी, युवा र खेलाडीका लागि विविध कार्यक्रम आयोजना गर्दै आएको छ। यो प्रतियोगिता पनि आदरणीय नगरप्रमुख कार्कीको खेलकुद विकास र युवा प्रतिभा प्रोत्साहनको एउटा सफल उदाहरण बनेको छ।






# कागेश्वरी मनोहरा नगरपालिकामा छड्के अनुगमनः मासु, खाद्य सामग्री र पानी उद्योगमा व्यापक लापरबाही, नागरिकलाई स्वास्थ्य सचेतना अपिल



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले सम्पूर्ण वडा क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चित गर्न निरन्तर छड्के अनुगमन जारी राख्दै आएको छ। नगरपालिकाले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसँग संयुक्त रूपमा गरेको अनुगमनमा मासु पसल, किराना पसल, होटल र पानी उद्योगमा व्यापक लापरबाही पाइएको छ।अनुगमनमा अधिकांश मासु पसलमा म्याद गुज्रिएका, सडेगलेका तथा उपभोगका लागि अयोग्य मासु भेटिएको छ। कतिपय पसलमा दुर्गन्ध समेत आएको र ग्राहकको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने अवस्था देखिएको छ। केही होटलहरूमा फोहोर, बासी तथा सडेगलेका खानेकुरा ग्राहकलाई खुवाइएको भेटिएको छ।

पानी उद्योगतर्फ पनि निर्देशिका उल्लङ्घन भएको पाइएको छ। पुराना र प्रयोगका लागि अयोग्य जार प्रयोग, सरसफाइमा लापरबाही जस्ता समस्या भेटिएपछि अनुगमन टोलीले तत्काल अयोग्य जारहरू डिस्पोज गराएको छ। यसले बजारमा बिक्री हुने प्रशोधित पानीको गुणस्तरमा सम्भावित जोखिमलाई न्यूनीकरण गरेको छ।नगरपालिकाले दोषी उद्योग तथा पसल सञ्चालकहरूलाई ३—७ दिनभित्र सुधार गर्न चेतावनी दिइसकेको छ। तोकिएको समयभित्र सुधार नगरे कानुनी कारबाही गरिने स्पष्ट पारिएको छ।यस अनुगमनको सफलता आदरणीय नगरप्रमुख उपेन्द्र कार्की ज्यूको सक्रियता र नेतृत्व र बजार अनुगमन शाखा प्रमुख शान्ति ढकाल ज्यूको मार्गदर्शन अन्तर्गत भएको कार्यको प्रत्यक्ष परिणाम भएको बताउनुभएको छ। उहाँहरूको सक्रिय नेतृत्वले अनुगमन प्रक्रिया व्यवस्थित, प्रभावकारी र निरन्तर हुने सुनिश्चित गरेको छ। अनुगमन टोलीले अबदेखि अझ सावधानीपूर्वक, विस्तारित र नियमित अनुगमन गर्ने तयारी गरेको छ।

नगरप्रमुख उपेन्द्र कार्की ज्यूले विशेषगरी नागरिकहरूलाई स्वास्थ्यमा सचेत रहन, गुणस्तरीय तथा सुरक्षित खाद्य सामग्री मात्र उपभोग गर्न आग्रह गर्नुभएको छ। उहाँले नागरिकलाई आफ्नो स्वास्थ्य सुरक्षाका लागि साँचो र भरपर्दो स्रोतबाट मात्र सामान किनमेल गर्ने सन्देश पनि दिनुभएको छ। यसैगरी, अनुगमन टोलीले व्यवसायीहरूलाई पनि मानक




पालना र सरसफाइमा ध्यान पुर्‍याउन चेतावनी दिएको छ।

नगरपालिकाले नागरिक स्वयं पनि खाद्य सामग्रीको खरीद तथा उपभोगमा जिम्मेवार हुनुपर्नेमा जोड दिएको छ। यसै क्रममा, उपभोक्तालाई म्याद गुज्रिएका, सडेगलेका वा गुणस्तरहीन उत्पादन नकिन्ने सजगता अपनाउन अपिल गरिएको छ।

साथै, यदि नागरिकहरूलाई कुनै पसल वा उद्योगमा गुनासो छ वा कुनै प्रक्रिया/सन्देश बुझ्न कठिनाइ छ भने, उनीहरूले बजार अनुगमन शाखा सँग प्रत्यक्ष सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ। यसले नागरिक र प्रशासनबीच समन्वय बढाउने र समस्या समाधान छिटो गर्ने उद्देश्य राख्दछ।

अनुगमनका क्रममा देखिएका समस्याले सार्वजनिक स्वास्थ्यमा सम्भावित खतरा औंल्याएको छ। नगरपालिकाले आगामी दिनमा यस्ता छड्के अनुगमनलाई निरन्तरता दिने, गैरजिम्मेवार व्यवसायीमाथि कडा निगरानी राख्ने, र नियम पालना नगर्ने व्यवसायीमाथि कानुनी कारबाही अघि बढाउने प्रतिबद्धता स्पष्ट पारेको छ। नगरपालिकाको यस कदमले जनस्वास्थ्य संरक्षणमा ठोस प्रभाव पार्ने अपेक्षा गरिएको छ। स्थानीय नागरिकलाई गुणस्तरीय, सुरक्षित खाद्य तथा पेय सामग्री सुनिश्चित गर्ने दिशामा नगरपालिका सक्रिय रहेको र उपभोक्ताको स्वास्थ्य सुरक्षालाई पहिलो प्राथमिकता बनाएको छ।











# कागेश्वरी मनोहरा नगर अस्पतालमा आधुनिक शवगृह सेवा सञ्चालन

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाको नगर अस्पतालमा आधुनिक शवगृह सेवा सञ्चालनमा ल्याइएको छ। आकस्मिक अवस्था, उपचारका क्रममा मृत्यु भएका तथा अन्य कारणले अस्पतालमा ल्याइने शवको सुरक्षित संरक्षण, व्यवस्थापन र हस्तान्तरणलाई व्यवस्थित बनाउन शवगृह सेवा सुरु गरिएको हो।

सेवाग्राहीलाई सहज, सुरक्षित र व्यवस्थित सेवा प्रदान गर्ने उद्देश्यले आधुनिक शवगृह सञ्चालनमा ल्याइएको हो। शवगृह अत्यन्त संवेदनशील क्षेत्र भएकाले प्रवेश व्यवस्थापन, शव पहिचान, सुरक्षा, सरसफाइ तथा तापक्रम नियन्त्रणका विषयमा कडा मापदण्ड अपनाइने अस्पतालले जनाएको छ। शवगृह सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि तयार गरी त्यसैअनुसार सेवा प्रदान गरिने नगर अस्पतालका कार्यकारी निर्देशक रामप्रसाद पौडेलले बताउनुभएको छ।

कार्यविधिअनुसार शव राख्ने शुल्क २४ घण्टाको आधारमा तोकिएको छ। कागेश्वरी मनोहरा नगरपालिकाभित्रका स्थायी बासिन्दाका लागि २४ घण्टासम्म शव राख्दा ८ सय रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरिएको छ। नगर अस्पतालमै मृत्यु भएको अवस्थामा नगरपालिकाभित्रका बासिन्दाका लागि ८ सय रुपैयाँ र नगरपालिकाबाहिरका सेवाग्राहीका लागि १ हजार ६ सय रुपैयाँ शुल्क तोकिएको छ। त्यस्तै, नगरपालिकाबाहिरका सेवाग्राहीले २४ घण्टासम्म शव राख्दा २ हजार ३ सय रुपैयाँ तिर्नुपर्ने व्यवस्था गरिएको छ।

अस्पतालका अनुसार शवको सरसफाइ, सुरक्षित भण्डारण, आवश्यक तापक्रम व्यवस्थापन तथा कानुनी प्रक्रिया पूरा गरेपछि मात्र शव सम्बन्धित परिवार वा सरोकारवालालाई हस्तान्तरण गरिनेछ।




शव राख्नका लागि मृत्यु प्रमाण, पहिचानसम्बन्धी कागजातलगायत आवश्यक कागजात अनिवार्य गरिएको छ। विपन्न, असहाय, लक्षित वर्ग तथा बेवारिसे शवको व्यवस्थापन नगरपालिकाको सामाजिक सेवा इकाइमार्फत गरिने व्यवस्था गरिएको छ। महामारीजन्य रोगका कारण मृत्यु भएको अवस्थामा भने नेपाल सरकारको प्रचलित कानुनअनुसार शव व्यवस्थापन गरिने अस्पतालले जनाएको छ।

नगरप्रमुख उपेन्द्र कार्कीले नगरवासीको समस्या आफ्नै जस्तो महसुस हुने भएकाले सेवामा कुनै कमी आउन नदिने बताउनुभएको छ। उहाले नागरिकको जीवनसँगै मृत्यु पछिको व्यवस्थापन पनि स्थानीय सरकारको महत्त्वपूर्ण जिम्मेवारी भएको उल्लेख गर्दै शवगृह सेवालाई पारदर्शी, व्यवस्थित र नागरिकमैत्री बनाइने स्पष्ट पारे।

हाल कागेश्वरी मनोहरा नगर अस्पतालमा दैनिक एक हजारभन्दा बढी बिरामीले सेवा लिने गरेका छन्। अस्पतालले २४ घण्टा आकस्मिक सेवा सञ्चालन गर्दै आएको छ भने बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म ओपीडी सेवा प्रदान गरिरहेको छ। हाल ३० देखि ३५ शैय्या सञ्चालनमा रहेको अस्पताललाई चरणबद्ध रूपमा सय शैय्यामा स्तरोन्नति गर्ने प्रक्रिया अघि बढाइएको नगरपालिकाले जनाएको छ।

# कागेश्वरी मनोहरा नगरपालिकाद्वारा सामाजिक सुरक्षा भत्ता नवीकरण तथा वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न

कागेश्वरी मनोहरा नगरपालिकाका,काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले चालु आर्थिक वर्षअन्तर्गत सामाजिक सुरक्षा भत्ता नवीकरण तथा वितरणसम्बन्धी विभिन्न कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरेको छ।








शाखाले श्रावण १ गतेदेखि भाद्र मसान्तसम्म सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर सञ्चालन गरेको थियो। उक्त शिविरसँगै विशेष घरदैलो कार्यक्रमसमेत सञ्चालन गरी नगरपालिकाभित्रका ३ हजार ७ सय ४७ जना

तथा अन्य जिल्लाका १ हजार ५ सय ७५ जना गरी कुल ५ हजार ३ सय २२ जना सेवा लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न सफल भएको छ।

जिल्ला : काठमाण्डौं गा.पा/न.पा. : कागेश्वरी मनोहरा आर्थिक वर्ष : २०८२/८३ अवधिको किसिम : त्रैमासिक किस्ता : प्रथम

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | २९८ | ३५७६००० | १६ | १२७६८० | ४५ | ३५९१०० | ६९ | ५३९९८० | ११ | १३१६७० | १२ | ७२३५२ | १९ | २९००३ | ४७० | ४८३५७८५ |
| २ | १५७ | १८८४००० | ६ | ४५२२८ | २३ | १८३५४० | ५० | ३९९००० | ४ | ४७८८० | ९ | ५७४५६ | ६ | ९५७६ | २५५ | २६२६६७२ |
| ३ | १४४ | १७२३२२६ | १ | ७९८० | १८ | १४३६४० | २४ | १८८८६० | ३ | ३५९१० | १२ | ७६६०८ | ५ | ७९८० | २०७ | २१८४२०४ |
| ४ | २४७ | २९५७८०६ | १४ | १११७२० | ४२ | ३३५१६० | ६५ | ५१६०४० | १३ | १५५६१० | १५ | ९१५०४ | २८ | ४४६८८ | ४२४ | ४२१२५२८ |
| ५ | २०५ | २४५७९३५ | १९ | १५१६२० | ३५ | २७९३०० | ६५ | ५१६०४० | ४ | ४७८८० | १६ | १०२१४४ | १४ | २१२८० | ३५८ | ३५७६१९९ |
| ६ | ३९७ | ४७६४००० | २३ | १७५५६० | ४२ | ३३५१६० | ९५ | ७५२७८० | १७ | २०३४९० | २२ | १४०४४८ | २२ | ३४०४८ | ६१८ | ६४०५४८६ |
| ७ | ३४७ | ४१६२०६५ | १७ | १३५६६० | ७० | ५५०६२० | ७१ | ५६३९२० | ९ | १०३७४० | २२ | १३८३२० | १० | १५९६० | ५८६ | ५६७०२८५ |
| ८ | ३३७ | ४०४४००० | ६ | ४५२२८ | ४३ | ३४३१४० | ४८ | ३८०३८० | ६ | ७१८२० | १५ | ९३६३२ | १० | १५९६० | ४६५ | ४९९४१५२ |
| ९ | ४२४ | ५०८४००० | १४ | १११७२० | ५३ | ४२२९४० | ७० | ५५३२८० | १६ | १९१५२० | १२ | ७६६०८ | ७ | १०५२० | ५९६ | ६४५०५८८ |
| जम्मा | २५५६ | ३०६५३०३२ | ११६ | ९१२३८० | ३७१ | २९५२६०० | ५५७ | ४४१०२८० | ८३ | ९८९५२० | १३५ | ८४९०७२ | १२१ | १८९०१५ | ३९३९ | ४०९५५७९९ |

त्यसैगरी बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय तथा ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूको हकमा राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता नभए पनि राष्ट्रिय परिचयपत्र नम्बर (NIN) आवश्यक नपर्ने व्यवस्थालाई ध्यानमा राख्दै विशेष घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो। सो कार्यक्रममार्फत ४ सय ६७ जना लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएको छ। आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नयाँ लाभग्राहीका रूपमा VersMis प्रणालीमार्फत १ सय ५३ जना थप गरिएको छ भने सोही अवधिमा २५ जना लाभग्राहीको मृत्यु लगत कट्टा गरिएको शाखाले जनाएको छ।

| | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | २८ | १५ | | ४३ | ४ | ९ | | १३ | ५ | १३ | ७ | २७ | २ | २ | | ८३ |
| २ | १० | ७ | | १७ | ४ | ४ | | ८ | १ | १२ | | | | | | ३८ |
| ३ | ४ | ५ | | ९ | ४ | ६ | | १० | | १० | ३ | ७ | | | | ३२ |
| ४ | १४ | १४ | | २८ | १० | १४ | | २४ | १ | १८ | १३ | ४४ | १ | ४ | | ८५ |
| ५ | १३ | ८ | | २१ | ६ | ३ | | ९ | २ | १५ | ३० | १३५ | २ | १० | | ७२ |
| ६ | १८ | २६ | | ४४ | ६ | ५ | | ११ | ७ | ३१ | ६८ | २७१ | ४ | २२ | | १६५ |
| ७ | १४ | १८ | | ३२ | १२ | ११ | | २३ | २ | २२ | ३७ | १४३ | ४ | २३ | | १२० |
| ८ | १३ | १२ | | २५ | ४ | ६ | | १० | १ | १६ | २२ | ९७ | ३ | ११ | | ७७ |
| ९ | १८ | १७ | | ३५ | ८ | ७ | | १५ | | २६ | ५८ | २१९ | ७ | २८ | | १४१ |
| जम्मा | १३२ | १२२ | ० | २५४ | ५८ | ६५ | ० | १२३ | १९ | १६३ | २३८ | ९४३ | २३ | १०७ | ० | ८२० |

यसैगरी आर्थिक वर्ष २०८२/०८३ को सामाजिक सुरक्षा भत्ताको प्रथम त्रैमासिक रकम लाभग्राहीहरूको बैंक खातामा सोझै EFT प्रणालीमार्फत वितरण गरिएको छ। यस व्यवस्थाले भत्ता वितरण प्रक्रिया सहज, पारदर्शी र सुरक्षित बनेको छ। नगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रमलाई अझ प्रभावकारी, नागरिकमैत्री र पहुँचयोग्य बनाउन आगामी दिनहरूमा समेत यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने छ।









# उद्धार र राहतका लागि कागेश्वरी मनोहरा नगरपालिकाको सक्रियता

कागेश्वरी मनोहरा नगरपालिकाका,काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले विपद् जोखिम न्यूनिकरण, रोकथाम र व्यवस्थापनका लागि कानुनी, संस्थागत र कार्यगत रूपमा सुदृढ तयारी गर्दै आएको छ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७६ अनुसार नगरपालिकामा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ र नियमित क्रियाकलाप सञ्चालनमा छन्।







शाखाप्रमुख हरि धिताल को नेतृत्वमा शाखाले उच्च सक्रियता देखाउँदै विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःलाभसम्बन्धी योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ। नगर प्रमुखको संयोजकत्वमा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, प्रत्येक वडामा वडा स्तरीय समिति तथा द्रुत प्रतिकार्य टोली (RRT) सक्रिय छन्।














विपद्का बेला तत्काल उद्धार, राहत वितरण, क्षति मूल्याङ्कन तथा समन्वयका कामहरू पनि सक्रिय रूपमा अघि बढाइरहेको छ।

नगरपालिकाले विपद् जोखिम क्षेत्र पहिचान, नक्साङ्कन, विपद् प्रोफाइल निर्माण, आकस्मिक सहायता कक्ष सञ्चालन तथा आपतकालीन सूचना केन्द्र निर्माणको प्रक्रिया अघि बढाएको छ। नेपाल सरकार, नेपाल रेडक्रस सोसाइटी, स्काउट, स्थानीय समुदाय तथा राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्य गर्दै स्वास्थ्य, जनचेतना, पहिरो जोखिम अध्ययन, डढेलो नियन्त्रण र दमकल व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

# घर घर जडान मिटरको नियमित जाँचमा कागेश्वरी मनोहरा नगरपालिका सक्रिय



कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले आयोजना व्यवस्थापन कार्यालय, परामर्शदाता र खानेपानी उपभोक्ता समितिसँग समन्वय गर्दै वडा नं. ३, ४ र ५ अन्तर्गत घरघरमा जडान गरिएका खानेपानी मिटरहरूको नियमित जाँच, पानी कमिसनिङ तथा पाइपलाइनको अनुगमन कार्य प्रभावकारी रूपमा सञ्चालन गरिरहेको जानकारी दिएको छ।

नगरपालिकाले यस कार्यमा प्रहरी कार्यालयसँग सहकार्य गर्दै CCTV प्रणालीमार्फत मिटर चोरीसम्बन्धी घटनाहरूको अनुसन्धान पनि गरिरहेको छ। यसरी चोरी, क्षति वा अनियमित प्रयोगलाई नियन्त्रण गर्दै सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्ने प्रयास जारी छ।


नगरपालिकाले सबै घरधनीहरूलाई आफ्ना मिटरको उचित संरक्षण गर्नुपर्छ र डाँछी भद्रवास खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा निर्धारण गरिएको मिटर शुल्क र खानेपानी शुल्क समयमै बुझाइ, शुद्ध, सुरक्षित र निरन्तर खानेपानी सेवा सुनिश्चित गर्न  सहयोग गरेको छ कि गर्नुहोस्। यस प्रक्रियालाई नियमित रूपमा अनुगमन गरिरहेको र आवश्यक परेमा थप सचेतनात्मक कार्यक्रमहरू पनि सञ्चालन हुने छ ।


# क्षयरोगमुक्त नगरपालिका कार्यक्रम अन्तर्गत एआई एक्स रे क्षयरोग परीक्षण शिविर




कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : क्षयरोग (TB) नेपालमा अझै पनि एक गम्भीर सार्वजनिक स्वास्थ्य समस्याका रूपमा विद्यमान छ। समयमै पहिचान र उपचार हुन नसकेमा यसले व्यक्ति, परिवार तथा समुदायमा दीर्घकालीन सामाजिक, आर्थिक र स्वास्थ्यसम्बन्धी नकारात्मक असर पार्दछ। यही यथार्थलाई आत्मसात गर्दै नेपाल सरकारले क्षयरोगमुक्त नेपाल अभियान सुरु गरेको छ, जसअन्तर्गत स्थानीय तहहरूले समुदायस्तरमै क्षयरोगको रोकथाम, पहिचान र उपचारमा विशेष

ध्यान दिँदै आएका छन्। यसै अभियानको लक्ष्य र मर्मअनुसार कागेश्वरी मनोहरा नगरपालिका पनि सरकारद्वारा निर्धारण गरिएका लक्ष्यहरू प्राप्त गर्न सक्रिय रूपमा कार्यरत रहेको छ।




















यसै सन्दर्भमा कागेश्वरी मनोहरा नगरपालिका अन्तर्गत वडा नं. ५, ७, ८ र ९ मा क्षयरोगमुक्त नगरपालिका कार्यक्रम अन्तर्गत AI प्रविधिमा आधारित एक्स-रे क्षयरोग परीक्षण शिविर सफलतापूर्वक सञ्चालन गरिएको हो। उक्त शिविरमा राष्ट्रिय क्षयरोग निवारण केन्द्र (NTCC) को सहयोगमा उपलब्ध गराइएको कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence - AI) प्रविधियुक्त डिजिटल एक्स-रे सेवा प्रयोग गरिएको थियो। साथै, शिविरको प्रभावकारी कार्यान्वयनका लागि JANTRA को प्राविधिक तथा व्यवस्थापकीय सहकार्य रहेको थियो। आधुनिक प्रविधिको प्रयोगले कम समयमा धेरै मानिसहरूको परीक्षण सम्भव बनाउनुका साथै क्षयरोगको प्रारम्भिक अवस्था पहिचान गर्न ठूलो सहयोग पुगेको छ।

चारै वडामा आयोजना गरिएको यस शिविरमा विभिन्न स्थान, पेशा र समुदायका गरी जम्मा करिब ८०० जना मानिसहरू ले निःशुल्क एक्स-रे परीक्षण सेवा प्राप्त गरेका छन्। शिविरमा सुकुमबासी बस्तीका बासिन्दाहरू, उद्योग तथा कारखानामा कार्यरत कामदारहरू, जोखिम समूहमा रहेका व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू तथा सामान्य स्वास्थ्य परीक्षण गर्न चाहने सर्वसाधारण को उल्लेखनीय सहभागिता रहेको थियो। सबैका लागि खुला र निःशुल्क रूपमा सञ्चालन गरिएको यस कार्यक्रमले स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायसम्म सेवा विस्तार गर्न महत्वपूर्ण योगदान दिएको छ।

परीक्षणका क्रममा क्षयरोगको सम्भावना देखिएका व्यक्तिहरूलाई थप पुष्टि परीक्षण तथा उपचारका लागि सम्बन्धित सरकारी स्वास्थ्य संस्थामा रेफर गरिएको छ। यसले क्षयरोगको समयमै पहिचान भई रोगको संक्रमण फैलिन नदिन तथा बिरामीलाई शीघ्र उपचारमा ल्याउन सहयोग पुगेको छ।

यस शिविर सफलतापूर्वक सञ्चालन गर्न सम्बन्धित वडाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV), नगरपालिकाको स्वास्थ्य शाखा टोली, JANTRA, स्थानीय स्वयंसेवकहरू तथा जनप्रतिनिधिहरू बीचको घनिष्ठ समन्वय र सक्रिय सहभागिता उल्लेखनीय रहेको थियो। समुदायमा सूचना प्रवाह, लक्षित समूहको परिचालन, शिविर व्यवस्थापन तथा अनुगमनमा सबै सरोकारवालाको महत्वपूर्ण भूमिका रहेको छ।

कागेश्वरी मनोहरा नगरपालिका नेपाल सरकारले निर्धारण गरेको क्षयरोगमुक्त नेपाल को राष्ट्रिय लक्ष्य हासिल गर्न पूर्ण प्रतिबद्ध रहेको छ। आगामी दिनमा पनि यस किसिमका प्रविधिमैत्री, समावेशी तथा समुदाय केन्द्रित स्वास्थ्य कार्यक्रमहरूलाई निरन्तरता

दिँदै क्षयरोग नियन्त्रण तथा न्यूनीकरणमा प्रभावकारी कदम चाल्दै जाने योजना रहेको छ।

अन्त्यमा, दुई हप्ताभन्दा बढी समयसम्म खोकी लागिरहने, खकारमा रगत देखिने, ज्वरो आउने, राति अत्यधिक पसिना आउने, तौल घट्दै जाने, छाती दुख्ने, थकान वा कमजोरी महसुस हुने जस्ता लक्षण देखिएका जो-कोहीले पनि ढिला नगरी नजिकको सरकारी स्वास्थ्य चौकी वा स्वास्थ्य संस्थामा सम्पर्क गरी खकार (sputum) परीक्षण गराउन सबैमा अनुरोध गरिन्छ। क्षयरोग समयमै पहिचान गरी स्वास्थ्यकर्मीको सल्लाहअनुसार पूरा उपचार गरे पूर्ण रूपमा निको पार्न सकिने रोग हो भन्ने कुरामा ढुक्क रहन सबैमा आग्रह गर्दछौं।

कागेश्वोरी मनोहरामा क्षयरोग जाँच र उपचार गर्ने स्वास्थ्य संस्थाहरू:

१) वडा नं १: गागलफेदी स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्र,गागल

२) वडा नं २: आलापोट स्वास्थ्य चौकी

३) वडा नं ३: भद्रबास स्वास्थ्य चौकी

४) वडा नं ४: शहरी स्वास्थ्य केन्द्र - ब्रह्मखेल

५) वडा नं ५: डाँछी स्वास्थ्य चौकी

६) वडा नं ६: कागेश्वोरी मनोहरा नगर अस्पताल

७) वडा नं ७: शहरी स्वास्थ्य केन्द्र - अमरसिंह चोक

८) वडा नं ८: शहरी स्वास्थ्य केन्द्र- तेजविनायक

९) वडा नं ९: गोठाटार स्वास्थ्य चौकी

AI एक्स् रे क्याम्प अरु संस्था सँग समन्वयमा हुने भएकोले, हुने १ हप्ता अघि प्रचार प्रसार गरिनेछ ।


"समयमै जाँच गरौं, पूरा उपचार गरौं, क्षयरोगमुक्त नगरपालिका निर्माण गरौं।"

# युवालाई लक्षित आईटी तालिम तथा रोजगारी अभिमुखीकरण कार्यक्रम सञ्चालन

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले सूचना प्रविधि शाखामार्फत स्थानीय युवालाई सूचना प्रविधि क्षेत्रमा रोजगारीका लागि तयार पार्ने उद्देश्यसहित आईटी तालिम तथा रोजगारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ। नगरपालिकाको युवा सशक्तीकरण, सीप विकास तथा रोजगारमुखी शिक्षालाई प्राथमिकतामा राख्दै सञ्चालन गरिएको यस कार्यक्रमअन्तर्गत प्रारम्भिक चरणमा १० दिने डिजिटल साक्षरता तालिम सफलतापूर्वक सम्पन्न गरिएको थियो, जसबाट सहभागीहरूले आधारभूत डिजिटल उपकरणको प्रयोग, आधुनिक कार्यस्थलमा आवश्यक कार्यसंस्कार तथा प्रारम्भिक प्राविधिक ज्ञान हासिल गरेका छन्। यसपछि मिति २०८२ साल



पौष २९ गतेदेखि सुरु भएको ३ महिने रोजगारी तयारी तालिम चैत महिनाको अन्त्यसम्म सञ्चालन हुने जनाइएको छ। कार्यक्रममा ४० जना स्थानीय



युवालाई छनोट गरी ५ समूहमा विभाजन गरिएको छ, जसले समूहगत सिकाइ, सहकार्य र नेतृत्व विकासलाई प्रवर्द्धन गरेको छ। सहभागीहरूलाई परियोजना व्यवस्थापन, सफ्टवेयर विकास, क्लाउड कम्प्युटिङ, कृत्रिम बुद्धिमत्ता तथा मेसिन लर्निङ र क्लाउड सुरक्षा जस्ता आधुनिक तथा उद्योगमैत्री विषयमा व्यावहारिक तालिम दिइँदैछ, जसअन्तर्गत हाल सहभागीहरू सफ्टवेयर विकास मोड्युलमा सक्रिय रूपमा संलग्न भई एप्लिकेसन निर्माणमार्फत प्रत्यक्ष अनुभव हासिल गरिरहेका छन्। कार्यक्रमको अन्तिम चरणमा प्रत्येक समूहले आफ्नै अवधारणामा आधारित क्यापस्टोन प्रोजेक्ट प्रस्तुत गर्ने व्यवस्था गरिएको छ, जसले सहभागीलाई वास्तविक कार्यपरिस्थितिमा सिकेको सीप प्रयोग गर्ने अवसर प्रदान गर्नुका साथै रोजगारका लागि आवश्यक व्यावसायिक पोर्टफोलियो निर्माणमा सहयोग पुर्‍याउनेछ। यस कार्यक्रममार्फत स्थानीय नगरवासी युवाहरूले सूचना प्रविधि क्षेत्रमा रोजगारीका अवसर प्राप्त गर्ने स्पष्ट सम्भावना रहेको छ भने आगामी दिनमा नगरपालिकाले दक्ष, आत्मनिर्भर र प्रविधिमैत्री नयाँ पहिचान निर्माण गर्न सक्ने आधारसमेत यस पहलले तयार पार्ने देखिएको छ।

# कागेश्वरी मनोहरा नगरपालिकामा CCTV जडानका लागि प्रहरीसँग MoU हस्ताक्षर

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : काठमाडौं उपत्यकाभित्र शान्ति सुरक्षा मजबुत बनाउने तथा आधुनिक शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसहित कागेश्वरी मनोहरा नगरपालिका र काठमाडौं उपत्यका प्रहरी कार्यालयबीच Closed Circuit Television (CCTV) जडान तथा सञ्चालनसम्बन्धी समझदारीपत्र (MoU) मा हस्ताक्षर भएको छ। मिति २०८२ साल माघ ७ गते बुधबार, कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका कार्यालय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्की र कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगरप्रमुख उपेन्द्र कार्कीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।


सम्झौताअनुसार नगर क्षेत्रभित्र अपराध नियन्त्रण, दुर्घटना न्यूनीकरण, शान्ति सुरक्षा, पारदर्शी शहरी



व्यवस्थापन, फोहरमैला व्यवस्थापन, फुटपाथ अतिक्रमण नियन्त्रण, प्रदूषण न्यूनीकरण, सार्वजनिक सम्पत्ति संरक्षण, साथै नदी किनारा र सांस्कृतिक सम्पदाको संरक्षणका क्षेत्रमा दुवै पक्षबीच सहकार्य गरिनेछ। कार्यक्रममा बोल्दै आदरणीय नगरप्रमुख



उपेन्द्र कार्कीले नगरवासीको सुरक्षा सधैं पहिलो प्राथमिकता हुनुपर्ने बताउनुभयो। उहाँले नगरपालिकाले नगरवासीको सुरक्षालाई केन्द्रमा राख्दै सबै योजना तथा कार्यक्रम अघि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै CCTV जडान तथा सञ्चालनसम्बन्धी यो सहकार्य नगर क्षेत्रलाई थप सुरक्षित र व्यवस्थित बनाउने दिशामा महत्वपूर्ण कदम भएको उल्लेख गर्नुभयो।





सम्झौता पश्चात् प्रारम्भिक चरणमा CCTV जडानका लागि उपयुक्त साइट छनोटको काम तत्काल सुरु गरिएको नगरपालिकाले जनाएको छ। यस चरणको कार्य सम्पन्न भएपछि सम्झौतामा उल्लेखित मापदण्डअनुसार स्पेसिफिकेसन तयारी, लागत अनुमान निर्माण तथा बोलपत्र मूल्याङ्कन समितिमार्फत बोलपत्र आह्वान गर्ने प्रक्रिया अघि बढाइनेछ।

नगर क्षेत्रमा प्रविधिमैत्री सुरक्षा प्रणाली स्थापना गर्दै नागरिकको सुरक्षा, सेवा प्रवाह र शहरी व्यवस्थापनलाई थप प्रभावकारी बनाउने दिशामा यो सम्झौतालाई महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ।

# विकासको दृढ प्रतिवद्धताः वडा अध्यक्ष गजुरेलद्वारा गागफेदीका सडक विकास कार्य अनुगमन

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : वडा नं. १, गागफेदीमा माघमा सञ्चालन भएका प्रमुख सडक विकास कार्यहरूको आदरणीय वडा अध्यक्ष श्री मकुन्द प्रसाद गजुरेलज्यूद्वारा अनुगमन गरिएको छ। यस अवसरमा सुवेडीगाउँ सडक (संविधान मार्ग, पोखरी मार्ग, पालपाली डाँडा बस्नेतगाउँ सडक) को कालोपत्रे कार्यको प्रगति, गुणस्तर र सुधारका आवश्यकताबारे विस्तृत निरीक्षण गरिएको थियो।

अनुगमनको क्रममा सडक निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तर, कामको समयसीमा र आगामी कार्ययोजना सम्बन्धी विस्तृत मूल्याङ्कन गरिएको











थियो। त्यस्तै, बाह्रबिसे सडक स्तरोन्नती कार्यमा पनि वडा नं. १ का जनप्रतिनिधि र वडाबासीको सहभागितामा प्रत्यक्ष अनुगमन गरिएको थियो। स्थानीयबासीसँगको अन्तरक्रियाबाट प्राप्त सुझावलाई कार्यको गुणस्तर सुधारमा समावेश गर्ने प्रयास गरिएको छ। आदरणीय वडा अध्यक्ष श्री मकुन्द प्रसाद गजुरेलले यस अवसरमा विकासका प्रत्येक पहलमा वडाबासीको जीवनस्तर सुधार, सुगम यातायात व्यवस्था र समग्र आर्थिक, शैक्षिक तथा सामाजिक विकास सुनिश्चित गर्नु आफ्नो प्रमुख प्राथमिकता भएको बताउनुभयो। उहाँले सडक सञ्जालको सुधारले गाउँ-सहर जोड्ने मात्र नभई स्थानीय व्यवसाय, शिक्षा र जनजीवनलाई पनि थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। साथै, वडाको समग्र विकास, जनसुविधा र गुणस्तरीय सेवा सुनिश्चित गर्न आगामी दिनमा पनि नियमित अनुगमन र प्रभावकारी कार्यसम्पादनलाई निरन्तरता दिने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो। वडा कार्यालयले आगामी दिनमा पनि यस प्रकारका विकास परियोजनाहरूलाई गुणस्तरीय, पारदर्शी र वडाबासीको सहभागितामूलक तरिकाले अगाडि बढाउने योजना बनाएको जनाएको छ।

# कागेश्वरी मनोहरा नगरपालिकाद्वारा ८ वटा पूर्वाधार योजना ठेक्का प्रक्रियामा, ७ को सम्झौता सम्पन्न

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को कार्तिक मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित भौतिक पूर्वाधार निर्माणतर्फ ८ वटा योजनाहरू ठेक्का प्रक्रियामार्फत सञ्चालनका लागि बोलपत्र आह्वान गरेको छ, जसमध्ये ७ वटा योजनाको ठेक्का सम्झौता सम्पन्न भइसकेको छ भने बाँकी १ वटा योजना सम्झौताको चरणमा रहेको छ ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | कार्यालयको लागत अनुमान | सम्झौता रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| १ | Construction of Various Infrastructures for Kadaghari Water Supply Project, Kageshwori Manohara Municipality Ward no 7,9 | KadaghariWSP /W/NCB/ 01/2082-83 | श्री अध्योत कन्स्ट्रक्सन-देव इन्जिनियरिङ्ग जे.भि. | ४५,४९९,९८८.८९ | ३३,९५४,९९३.२८ | २०८२।०९।०९ |
| २ | Construction of Baghdhara Khatri Pokhari Road | Bhgh Dhara Road /W/NCB/ 03/2082-83 | श्री शालिनदी कन्स्ट्रक्सन प्रा. लि., काठमाण्डौं | ६,९९९,९६८.१३ | ५,२८४,८२४.१९ | २०८२।०९।२२ |
| ३ | River Training Works in Mahadev Khola along Miteri Road at Kageshwori Manohara Ward no 3. | Mahadev Khola /W/NCB/ 04/2082-83 | श्री शालिनदी कन्स्ट्रक्सन प्रा. लि., काठमाण्डौं | २,४९८,५५९.४१ | १,४०२,१२६.३६ | २०८२।०९।२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | Construction and Upgradation of Telecom-Manohara River Road at Ward no 4. | Raod Upgradation Manohara /W/NCB/ 05/2082-83 | श्री शालिनदी कन्स्ट्रक्सन प्रा. लि., काठमाण्डौं | ६,९९९,५२५.१२ | ४,८६७,१८३.३१ | २०८२।०९।२२ |
| ५ | Upgrading Work of Kageshwori Manohara Ward 2 Kabhre to Katuwa Road | Kabhre Katuwa Road /W/NCB/ 06/2082-83 | श्री राम रत्न कन्सल्टेन्ट एण्ड बिल्डर्स, भक्तपुर | ३,९९९,४८२.०५ | २,९९६,०६४.४६ | २०८२।०९।३० |
| ६ | Construction and upgrading of road at Ombinay Tole of Kageshwori Manohara Municipality ward 7 and 8 | Om Binay Tole Road /W/NCB/ 07/2082/83 | श्री शालिनदी कन्स्ट्रक्सन प्रा. लि., काठमाण्डौं | ३,४९९,३८४.६५ | २,६०४,८८५.१९ | २०८२।०९।२२ |
| ७ | Upgrading Works of Telecom-Thapadanda-Krishna Chaur-Addapati Road | Thapadanda Krishna ChaurRoad /W/ NCB/08/2082-83 | श्री शेर्पा एण्ड मल्टिपल कम्पनी प्रा.लि., काठमाण्डौं | ६,९९९,७०४.९३ | ४,२९५,०४४.३५ | २०८२।०९।३० |
| ८ | Construction of Satghatte Adhikari Gaun-Manichud Road | Satghatte Adhikari Gaunmanichud Road/W/NCB/ 02/2082-083 | सम्झौताको चरणमा रहेको । | | | |

सम्झौता सम्पन्न भएका योजनामा कडाघरी खानेपानी आयोजना अन्तर्गतका विभिन्न पूर्वाधार निर्माण, बाघधारा-खत्री पोखरी सडक निर्माण, महादेव खोला नदी नियन्त्रण कार्य, टेलिकम-मनोहरा नदी सडक स्तरोन्नति, काभ्रे-कटुवा सडक स्तरोन्नति, ओमबिनय टोल सडक निर्माण तथा टेलिकम-थापाडाँडा-कृष्णचौर-अड्डापाटी सडक स्तरोन्नति समावेश छन् ।नगरपालिकाले राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रमार्फत निर्माण व्यवसायी छनोट गरी अधिकांश योजनाको सम्झौता २०८२ साल असोज महिनाभित्र सम्पन्न गरिसकेको जनाएको छ भने बाँकी रहेको सतघट्टे अधिकारी गाउँ-मणिचूड सडक निर्माण योजना चाँडै सम्झौता गरी निर्माण कार्य सुरु गरिने जनाएको छ ।

# कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १, २, ४ र ५ मा आयोजना तथा योजना अनुगमन सम्बन्धी जानकारी

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : प्राविधिक टोलीको सहभागितामा कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १, २, ४ र ५ मा निम्नानुसारका योजना तथा आयोजना कार्यहरूको अनुगमन सम्पन्न गरिएको छ। अनुगमन क्रममा आवश्यक सुझाव तथा निर्देशनहरू प्रदान गरिएको छः





यी योजना तथा आयोजना कार्यहरू सफलतापूर्वक सम्पन्न गर्न समर्पित भई खटिनु हुने सम्पूर्ण जनशक्तिप्रति हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछौं।

# फागुन २१ को निर्वाचन नजिकिँदै, काठमाडौं-२ मा निर्वाचन तयारी तीव्र

कागेश्वरी मनोहरा नगरपालिकाका, काठमाडौं : प्रतिनिधिसभा निर्वाचनको सञ्चालन तथा व्यवस्थापन प्रयोजनका लागि निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ। यसैक्रममा काठमाडौं निर्वाचन क्षेत्र नं. २ का लागि कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासनिक भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। निर्वाचन आयोगले निर्वाचन अधिकृत शान्ती न्यौपानेलाई उक्त क्षेत्रको निर्वाचन अधिकृतको रूपमा खटाएको छ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा निर्वाचनका लागि आवश्यक वातावरण तयार भएको छ कि छैन भन्ने जिज्ञासामा निर्वाचन अधिकृत न्यौपानेलाई सोधिएको प्रश्नमा उहाँले निर्वाचनका लागि आवश्यक तयारी भइरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार निर्वाचन आयोगको निर्देशनअनुसार निर्वाचन सञ्चालनका लागि आवश्यक पूर्वतयारीहरू अघि बढिरहेका छन्। सुरक्षा निकाय, स्थानीय प्रशासन तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय भइरहेको र निष्पक्ष, स्वतन्त्र तथा शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्ने वातावरण निर्माण गर्ने जिम्मेवारीमा आफूहरू सक्रिय रहेको उहाँले बताउनुभयो।

साथै उहाँले प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण राजनीतिक दल, उम्मेदवार तथा नगरवासीलाई आवश्यक सहयोग गर्न अपिल गर्नुभयो । निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै उम्मेदवार दर्ता, निर्वाचनसम्बन्धी उजुरी, मतदाता समन्वयलगायतका कामहरू औपचारिक रूपमा सुरु भएको निर्वाचन आयोगले जनाएको छ।

